# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## बिनयी त्रिवेणी गाउँपालिका
## नवलपरासी व.सु.पूर्व




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(गण्डकी प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ११४

मितिः २०७९।३।२६

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
बिनयी त्रिवेणी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
नवलपरासी व.सु.पूर्व।

**कैफियत सहितको राय**

हामीले बिनयी त्रिवेणी गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.४ करोड ४१ लाख ६ हजार बेरुजू देखिएको छ। सोमध्ये प्राप्त प्रतिक्रियाबाट रू.२० लाख ६ हजार फस्यौट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.१ करोड ७० लाख ६६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ४२ लाख ६८ हजार, नियमित गर्नुपर्ने रू.९५ लाख ७८ हजार र पेश्की रू.११ लाख ८८ हजार रहेको छ । गतवर्ष रु.६ करोड ५४ लाख १ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.९ करोड ३१ लाख ७ हजार रहेको छ । **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। गाउँपालिकाबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शम्भु कुमार श्रेष्ठ)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

बिनयी त्रिवेणी गाउँपालिका

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४६ | ८९ | ४४१०६ | - | १४ | २००६ | ४६ | ७५ | ४२१०० | १७०६६ | ९५७८ | १४२६८ | - | - | २३८४६ | ११८८ |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नवलपुर | ६५४०१ | - | १४३९४ | ५१००७ | - | ४२१०० | ९३१०७ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : बिनयी त्रिवेणी गाउँपालिका, नवलपुर , बिनायी त्रिवेणी गाउँपालिका , नवलपरासी पूर्व भाग

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | ज्योति राज अर्याल | २०७७-४-१५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | राजु सुवेदी | २०७७-६-२१ | |
| | | **बेरुजु रकम** | ४४,१०५,८०१ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ९,७५,६३,६२१.११ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४२,०६,२५,७५६.३५ | **चालु खर्च** | ४१,७७,४२,७१५.३५ |
| **प्रदेश सरकारबाट अनुदान** | १,२९,२३,००० | **पूँजीगत खर्च** | २२,९७,९४,०८६.७५ |
| **राजश्व बाँडफाँट** | १४,१७,४१,५०५.६२ | **वित्तीय/अन्य व्यवस्था** | १,७७,०५,८२८.५४ |
| **आन्तरिक आय** | ४,६२,३३,०८९.५१ | | |
| **अन्य आय** | २,५३,५९,५९४.१ | | |
| **कुल आय** | ६४,६८,८२,९४५.५८ | **कुल खर्च** | ६६,५२,४२,६३०.६४ |
| **बाँकी मौज्दात** | | ७,९२,०३,९३६.०५ | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | उल्लेखित आर्थिक कारोवारहरूको स्वीकृत समष्टिगत तथा इकाईगत लेखापरीक्षण योजना, कार्यालयबाट पेस गरिएको वार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरू, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार र कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरूलाई प्रतिवेदनमा समावेश गरिएको छैन । उल्लिखित लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरू सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरूसँग मिति २०७८। १२।२६ मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू निम्नानुसार छन्: | |
| २ | | | **परिचयः**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ७ वडा, ३८ सभा सदस्य, २८८.०६ वर्ग किलोमिटर क्षेत्रफल तथा ३७३०३ जनसंख्या रहेको छ । | |
| ३ | | | **सञ्चितकोषको हिसाबः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७७।०७८ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छः | |

आ.व. : २०७७/७८ अवधी : २०७७/०४/०१ - २०७८/०३/३१

प्राप्ती भुक्तानी हिसाव

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ६७,१६,२५,३१०.६४ | ५५,३०,१२,४६८.५८ | | ५५,३०,१२,४६८.५८ | ४५,७१,५१,९८३.३३ | | ४५,७१,५१,९८३.३३ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ६४,४९,४०,९४४.०९ | ५२,८१,५४,८७४.४८ | ० | ५२,८१,५४,८७४.४८ | ४३,१०,२०,४८२.३३ | ० | ४३,१०,२०,४८२.३३ |
| ११००० कर | ११ | ९,९७,५५,४७० | ९,८१,४३,५३६.४३ | ० | ९,८१,४३,५३६.४३ | ७,१८,१६,०२८.७१ | ० | ७,१८,१६,०२८.७१ |
| १३००० अनुदान | | ३९,६४,५३,८४४ | ३४,८४,८३,२११.३५ | ० | ३४,८४,८३,२११.३५ | ३२,४३,५६,३७३ | ० | ३२,४३,५६,३७३ |
| संघीय सरकार | १२ | ३६,०२,०२,४१५ | ३२,७८,००,२७९.३५ | ० | ३२,७८,००,२७९.३५ | २९,१०,८४,००० | ० | २९,१०,८४,००० |
| प्रदेश सरकार | १२ | २,२३,८०,००० | १,२३,८०,००० | ० | १,२३,८०,००० | २,२३,६५,००० | ० | २,२३,६५,००० |
| अन्तरिक श्रोत | १२ | ० | ० | ० | ० | ५०,००,००० | ० | ५०,००,००० |
| जनसहभागिता | | १,३८,७१,४२९ | ८३,०२,९३२ | ० | ८३,०२,९३२ | ५९,०७,३७३ | ० | ५९,०७,३७३ |
| १४००० अन्य राजस्व | | १४,८७,३१,६३०.०९ | ८,१५,२८,१२६.७० | ० | ८,१५,२८,१२६.७० | ३,४८,४८,०८०.६२ | ० | ३,४८,४८,०८०.६२ |
| ख. अन्य प्राप्ति | | २,६६,८४,३६६.५५ | २,४८,५७,५९४.१० | | २,४८,५७,५९४.१० | २,६१,३१,५०१ | | २,६१,३१,५०१ |
| वितरण गर्न बाकी राजस्व | | ० | ४०,००,००० | ० | ४०,००,००० | ० | ० | ० |
| कोषहरु | | १,५१,७६,३६६.५५ | १,८१,५६,७३३.१० | ० | १,८१,५६,७३३.१० | २,०४,४७,९५७ | ० | २,०४,४७,९५७ |
| धरौटी | | ० | २७,००,८६१ | ० | २७,००,८६१ | ० | ० | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | १,१५,०८,००० | ० | ० | ० | ५६,८३,५४४ | ० | ५६,८३,५४४ |
| भुक्तानी (ग+घ) | | ७६,३१,९५,०७६.५५ | ५७,१३,७२,१५३.६४ | | ५७,१३,७२,१५३.६४ | ३९,६३,१७,८८२.८३ | २८,८०० | ३९,६३,४६,६८२.८३ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ७३,६५,१०,७१० | ५५,४१,६८,३२५.१० | | ५५,४१,६८,३२५.१० | ३७,८१,४८,६७७.८३ | २८,८०० | ३७,८१,७७,४७७.८३ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १५,०२,८७,०८० | १४,५७,६६,४०७.०२ | ० | १४,५७,६६,४०७.०२ | १२,१७,५४,३३४ | २८,८०० | १२,१७,८३,१३४ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १८,०९,२७,२५५ | १४,४६,१७,१८७.३३ | ० | १४,४६,१७,१८७.३३ | ९,६४,८५,२०३.१२ | ० | ९,६४,८५,२०३.१२ |
| २५००० सहायता (Subsidy) | १८ | १,७८,४०,००० | १,६९,२१,८७६ | ० | १,६९,२१,८७६ | १,४८,९२,६४२.३० | ० | १,४८,९२,६४२.३० |
| २७००० सामाजिक सुरक्षा | १८ | ६७,२०,००० | ३८,३४,२८९ | ० | ३८,३४,२८९ | २६,७५,३८४ | ० | २६,७५,३८४ |
| २८००० अन्य खर्च | १८ | १,४४,३६,०७९ | १,३२,३४,४७९ | ० | १,३२,३४,४७९ | ९,०१,७४५ | ० | ९,०१,७४५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ३६,६३,००,२९६ | २२,९७,९४,०८६.७५ | ० | २२,९७,९४,०८६.७५ | १४,१४,३९,३६९.४१ | ० | १४,१४,३९,३६९.४१ |
| ३२००० वित्तीय सम्पत्ति | १८ | ० | ० | ० | ० | ० | ० | ० |
| घ. अन्य भूक्तानी | | २,६६,८४,३६६.५५ | १,७२,०३,८२८.५४ | | १,७२,०३,८२८.५४ | ३९,६३,१७,८८२.८३ | २८,८०० | ३९,६३,४६,६८२.८३ |
| कोषहरु | | १,५१,७६,३६६.५५ | १,४३,२१,५७२ | ० | १,४३,२१,५७२ | १,२४,८५,६६१ | ० | १,२४,८५,६६१ |
| धरौटी | | ० | ३१,०७,१३० | ० | ३१,०७,१३० | ० | ० | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | १,१५,०८,००० | ० | ० | ० | ५६,८३,५४४ | ० | ५६,८३,५४४ |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (२,२४,८७३.४६) | | (२,२४,८७३.४६) | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | (९,१५,६९,७६५.९१) | (१,८३,५९,६८५.०६) | | (१,८३,५९,६८५.०६) | ६,०८,३४,१००.५० | -२८,८०० | ६,०८,०५,३००.५० |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ९,७५,६३,६२१.११ | | ९,७५,६३,६२१.११ | ५,६०,३६,००६.७८ | | ५,६०,३६,००६.७८ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (९,१५,६९,७६५.९१) | ७,९२,०३,९३६.०५ | | ७,९२,०३,९३६.०५ | ११,६८,७०,१०७.२८ | -२८,८०० | ११,६८,४१,३०७.२८ |
| बैंक तथा नगद बाकी | २४ | | ७,७०,२७,५६९.५० | | ७,७०,२७,५६९.५० | १८,०९,३०,८६७.२७ | | १८,०९,३०,८६७.२७ |

| | | | | | |
|---|---|---|---|---|---|
| गाँउपालिकाले पेश गरेको वित्तिय विवरणमा समावेश नभएका खर्च शिर्षकहरु निम्नानुसार रहेका छन्ः | | | | | |
| सि.नं. | खर्च शिर्षक | | बजेट | निकासा/खर्च | |
| १ | ३५००१०११३-शिक्षा विकास निर्देशनालय | | ५०००००. | ५०००००. | |
| २ | ३१४०१०१२३-सामाजिक सुरक्षा तथा संरक्षण | | ८८४४००००. | ८६८८२०८३. | |
| ३ | ३६५००१०४३-स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | | ५५०००००. | ५३९७३९४. | |
| ४ | ३१४०००११३-आन्तरिक मामिला तथा कानून मन्त्रालय | | ४३०००. | ४३०००. | |
| ५ | ३३६००१०२३- गरीबसँग विशेश्वर कार्यक्रम | | ५४६०००. | ५४६०००. | |
| | जम्मा | | ९५०२९०००. | ९३३६८४७७. | |
| | | | | | |
| ६ | राजश्व | | | | |
| | विवरण | आम्दानी | दाखिला | बाँकी | |
| | विभिन्न | ३११८७०९४.०३ | ३११८७०९४.०३ | ०. | |
| ७ | कार्यसञ्चालनकोष | | | | |
| | गतवर्षको जिम्मेवारी | यसवर्षको आम्दानी | जम्मा | खर्च | बाँकी |
| | २०००. | ५०००००. | ५०२०००. | ५०२०००. | ०. |

४ **आन्तरिक नियन्त्रण प्रणालीः**

४.१

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा गरेको पाइएन
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन
- पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन
- वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन
- सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ खरिद अनुसार गुरुयोजना खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन
- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन

| | | | | |
|---|---|---|---|---|
| | | | • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन । | |
| ४.२ | | | • सूचना प्रविधी पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन गरेको पाइएन ।<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरे नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको पाइएन । | |
| ४.३ | | | • म. ले. प. फाराम नं ९०६ बमोजिम सवारी साधन मर्मतको अभिलेख अद्यावधिक गरी राखेको पाइएन । | |
| ४.४ | | | • भ्रमण तथा भ्रमण खर्चको अभिलेख र आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरिएको भएतापनि म. ले. प. फाराम ९०७ र ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख खाता राखेको पाइन । | |
| ४.५ | | | म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका बेरुजुका निम्न फारमहरु अद्यावधिक गरी राखेको पाइएनः<br>• म. ले. प. फाराम ८०१ – बेरुजु लगत, म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन र म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख | |
| ५ | | | **कानून निर्माण एवं कार्यान्वयनः** | |
| ५.१ | | | **कानून निर्माणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ११ ऐन, १ नियमावली, १० कार्यविधि २ निर्देशिका समेत २४ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |
| ५.२ | | | **न्यायीक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ३ र यो बर्ष थप भएको १ वटा दर्ता गरी कूल ४ वटा विवाद भएकोमा १ मात्र फछ्र्यौट भई ३ बाँकी देखिन्छन् । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ६ | | | **वित्तीय विवरण परीक्षणः** | |
| ६.१ | | | • आर्थिक कार्यविधि कानून बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम | |

| | | | | |
|---|---|---|---|---|
| | | | बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा गरेको पाइएन । | |
| ६.२ | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.५०००००।- ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर उचित नदेखिकएकोले यसमा सुधार गर्नु पर्दछ ।<br>• निवृत्तभरण कोष ऐन, २०७५ को दफा १० अनुसार कार्यालयले कर्मचारीको मासिक तलबबाट ६ प्रतिशतले हुन आउने रकम कट्टा गरी सोमा नेपाल सरकारको तर्फबाट शतप्रतिशत रकम थप गरी कोषमा जम्मा गर्नु पर्ने व्यवस्था अनुसार कट्टा गरी जम्मा गरेको छ । | |
| ६.३ | | | **वित्तीय विवरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः<br>• वित्तिय प्रतिवेदन म.ले.प.फा.नं.२७२ ले गत वर्षको जिम्मेवारीमा धरौटी तथा राजश्वको बाँडफाँड समेत समावेश गरी एकमुष्ठ रु. ९७५६३६२१।११ देखाएको छ भने सोही प्रतिवेदको अनुसूची १५ मा धरौटी तथा कोषहरुको विवरणमा धरौटीको जिम्मेवारी रु. ५९९३८५५।२० शुरु मौज्दात देखाएको छ । एउटै रकमलाई दोहोरो मौज्दात देखाएको पाइयो । तसर्थ सुत्रबाट तयार गरीएको वित्तिय प्रतिवेदनले आर्थिक कारोबारको यथार्थ र सहि चित्रण गरेको छैन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ६.४ | | | **जिम्मेवारीः** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा मूल सञ्चित कोष खाता, चालु खर्च खाता, पूँजिगत खर्च खाता, धरौटी खाता र राजश्व बाँडफाँड खाताको समेत रु.९७५६३६२१।११ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.९७५६३६२१।११ नै जिम्मेवारी सारेको छ । | |
| ७ | | | **बजेट तथा कार्यक्रमः** | |
| ७.१ | | | **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री मिना कुमारी राना मगरले २०७७।३।१० गते रु.६३ करोड ७१ लाख १३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३।२२ मा पारित भएको छ । उक्त बजेटमा हिउँदे अधिवेशनबाट थप तथा अन्तर सरकारी थप बजेट समेत कूल रु. ७३ करोड ६५ लाख १० हजार कायम भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।५।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| ७.२ | | | **अबण्डा बजेटः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु.३० लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको २०७७।४।२६, २०७७।७।१६ लगायतका निर्णयबाट पुजीगततर्फ विभिन्न शीर्षकमा रु. १९८६९८४।- बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ७.३ | | | **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्: | |

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु. १ लाख भन्दा कमको योजना | 235 | 18973680 |
| २ | रु. १ लाख देखि ५ लाख सम्मका योजना | 278 | 77388462 |
| ३ | रु. ५ लाख देखि १० लाख सम्मका योजना | 46 | 23958571 |
| ४ | रु. १० लाख एक देखि ५० लाख सम्मका योजना | 55 | 135572748 |
| ५ | रु. ५० लाख भन्दा माथिका योजना | 3 | 42935811 |
| | जम्मा | 617 | 298829272 |

| | | | | |
|---|---|---|---|---|
| ७.४ | | | **क) क्षेत्रगत बजेट र खर्चः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | 23791500 | 19437500 | 5.66 |
| सामाजिक क्षेत्र | 118160811 | 65016499 | 18.92 |
| पूर्वाधार विकास क्षेत्र | 236337650 | 166765984 | 48.53 |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | 14317500 | 10421691 | 3.03 |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | 96000834 | 82026371 | 23.87 |
| जम्मा | 488608295 | 343668045 | 100.00 |

**ख) चौमासिक पूँजिगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेस्रो चौमासिक र आषाढमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |
| १ | संघिय सरकार | 26843 | 0 | 2700 | 24143 | 23393 |
| २ | प्रदेश सरकार | 0 | 0 | 0 | 0 | 0 |
| ३ | गाउँपालिका | 202952 | 8434 | 38958 | 155559 | 89717 |
| ४ | कूल खर्च: | 229795 | 8434 | 41658 | 179702 | 113110 |
| | खर्च प्रतिशत | | 3.67 | 18.13 | 78.20 | 49.22 |

७.५

**कार्यक्रम तथा प्रगतिः** तोकिएको लक्ष्य पुरा हुने गरी शत प्रतिशत प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु मात्र छनौट गरी कार्यान्वयनमा लैजानुपर्दछ । लक्ष्य अनुसार प्रगति नहुने हो भने बार्षिक कार्यक्रमको कुनै औचित्य नरहने हुँदा पालिकाले योजना छनौटमा ध्यान पुर्याउनु पर्दछ । पूँजीगत कार्यक्रम तर्फ शून्य प्रगति भएका केही उदाहरण देहायअनुसार छन्:

| आ.व. : २०७७/७८ अवधी : २०७७/०४/०१-२०७८/०३/३१ बजेट प्रकार : पूंजीगत | | | | |
|---|---|---|---|---|
| सि.नं | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च | खर्च (%) |
| १ | हुलाक भवन निर्माण | ५,००,००० | 0 | 0 |
| २ | वडा नं. ४ को स्वास्थ्य चौकी निर्माण | १०,००,००० | 0 | 0 |
| ३ | बाँसघारी देखि कुमालटोलसम्म बाटो स्तरोन्नती | ४,००,००० | 0 | 0 |
| ४ | सि जि चोक देखि पाक्से खोला सम्म नाला निर्माण | ६,४२,८५७ | 0 | 0 |
| ५ | ढकालगैरा देखि राजमार्ग सम्म नाली निर्माण, वडा नं. १ | १५,९४,२८७ | 0 | 0 |
| ६ | ट्राफिक चोकदेखि बेलौतीचिरा हुँदै थानेश्वर रिमालको घरसम्म वाल निर्माण | १०,००,००० | 0 | 0 |
| ७ | खोरण्डी खेत भई जाने सिचाई निर्माण | १,५०,००० | 0 | 0 |
| ८ | वडा नं ७ को वडा कार्यालय निर्माण | ३९,३३,९५६ | 0 | 0 |
| ९ | वडा नं ६ मा स्वास्थ्य केन्द्र निर्माण | २०,००,००० | 0 | 0 |
| १० | वडा नं ६ मा स्वास्थ्य केन्द्र निर्माण | १०,००,००० | 0 | 0 |
| ११ | वडा नं २ मा स्वास्थ्य केन्द्र निर्माण | २०,००,००० | 0 | 0 |
| १२ | वडा नं २ को वडा कार्यालय निर्माण | ५०,००,००० | 0 | 0 |
| १३ | न्यु लालीगुरास युवा क्लब भवन निर्माण | २,००,००० | 0 | 0 |
| १४ | न्यु लालीगुरास युवा क्लब भवन निर्माण | १,००,००० | 0 | 0 |
| १५ | बसन्तको घर देखि कल्भर्ट निर्माण | ३,००,००० | 0 | 0 |
| १६ | गुम्बा देखि घुम्ति हुदै सिसेनी जाने बाटो स्तरोन्नती (समपुरक) | ५०,००,००० | 0 | 0 |
| १७ | वडा नं ३ को वडा कार्यालय निर्माण | ४१,९६,५१० | 0 | 0 |
| १८ | डङ्गराई खोलाले थुपारेको फोहर व्यवस्थापन | १,५०,००० | 0 | 0 |
| १९ | वडा नं ३ मा स्वास्थ्य केन्द्र निर्माण | २०,००,००० | 0 | 0 |

| | | | | |
|---|---|---|---|---|
| २० | वडा नं ३ मा स्वास्थ्य केन्द्र निर्माण | २४,००,००० | 0 | 0 |
| २१ | ज्यामिरे खानेपानी वडा नं २ | १,७०,००,००० | 0 | 0 |
| २२ | भत्केको पूल मर्मत ( प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारी ) | ५०००० | 0 | 0 |
| २३ | सौर्य उर्जा दुम्किबास बाटो तल्लो टोल | ५,००,००० | 0 | 0 |
| २४ | सौर्य उर्जा दुम्किबास बाटो माथिल्लो टोल | ५,००,००० | 0 | 0 |
| २५ | सौर्य उर्जा घुम्ति | ५,००,००० | 0 | 0 |

| | | | | |
|---|---|---|---|---|
| ८ | | | **संगठन तथा कर्मचारी व्यवस्थापनः** | |
| ८.१ | | | **कर्मचारी करारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ५० जना कर्मचारीहरु करारमा राखी रु.१०४७७००।- खर्च लेखेको छ । | |
| ८.२ | | | **कर्मचारी दरबन्दीः** कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था बमोजिम पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको दरवन्दी स्वीकृत भएको छ । पालिकामा कूल दरबन्दी संख्या ९९ भएकोमा ६४ पदपूर्ती भई ३५ पद रिक्त रहेको पाइयो गाउँपालिकाबाट रिक्त कर्मचारी तथा अन्य समेत ५० जना करारबाट नियुक्ति गरेको छ भने अझै १८ वटा रिक्त रहेको देखाएको छ । दरबन्दी अनुसार पदपूर्ती गरिनुपर्दछ । | |
| ८.३ | | | **तलबि प्रतिवेदनः** निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ तथा सम्बन्धित ऐन वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु.२६४५३०००।- खर्च लेखेको पाईयो । तलबि प्रतिवेदन पास गराएर मात्र खर्च लेख्नु पर्दछ । | |
| ९ | | | **सम्पत्ति उपयोग र संरक्षणः** | |
| ९.१ | | | • साविक गाउँपालिका / नगर पालिकाका, संघीय विषयगत कार्यालयको सम्पत्ति र साविकका कार्यालयका कोषहरु हस्तान्तरण र अभिलेख अद्यावधिक गरी राख्नु पर्नेमा अद्यावधिक गरेको पाइएन । | |
| ९.२ | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा गरेको पाइएन । | |

| | | | | |
|---|---|---|---|---|
| ९.३ | | | • सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख नभएको र सम्पतिको संरक्षण र उपयोग सम्बन्धि नीति र मापदण्ड बनेको पाइएन । | |
| १० | | | **खरिद व्यवस्थापनः** | |
| १०.१ | | | • सम्झौतामा तोकिएको म्याद भित्र कार्य सम्पन्न नभइ धेरै योजनाको म्याद थप्ने गरेको छ ।<br>• निर्माण गरिएको संरचनाको उद्देश्य अनुरुप सञ्चालन गर्न उपयुक्त छ भन्ने कुरा संरचनाको उपयुक्तताको परीक्षण गरी प्रमाणित गरेको प्रमाण वेगर कार्य सम्पन्न बनाएको कार्य स्वीकार प्रतिवेदन नबनाएको । | |
| १०.२ | | | • बोलपत्र मार्फत गरिएका योजनाको केहीको गुणस्तर परिक्षण गर्ने गरेको तर उपभोक्ता समितिबाट भएका अधिकांश योजनाको गुणस्तर परिक्षण गर्ने गरेको पाइएन । | |
| ११ | | | **राजस्व आन्तरिक नियन्त्रणः** | |
| ११.१ | | | **गिट्टी, ढुंगा, बालुवाको करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी प्रदेशले लागु गरेको कानुन अनुसार बाँडफाँड हुने गरेको देखिन्छ । सो अनुसार कार्यालयले यस वर्ष विभिन्न फर्मबाट नदिजन्य पदार्थ विक्रिवापत रु. ७३१६६३६१।- संकलन गरेकोमा सो को ४० प्रतिशत रकम रु. २९२६६५४४।- संचित कोषमा दाखिला गर्नुपर्ने देखिन्छ। उक्त रकम मध्ये रु २७६६६५४३।- प्रदेश सरकारमा पठाइसकेको र रु १६०००००।- पठाउन बाँकी देखिएको छ । तर उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने गरी सो करमा स्थानीय तहहरुको एकल अधिकार कायम गरेको तर सो अनुरुप प्रदेशहरुले तर्जुमा गरेका कानूनहरु संशोधन गर्नु पर्नेमा नगरेको कारण सो करको बाँडफाँडमा अस्पष्टता देखिएको अवस्थामा उक्त दफा ६२ (क) विपरित हुने गरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७ जारी गरी थप अस्पष्टता सृजना गरेको अवस्था देखियो । स्पष्ट कानूनी व्यवस्था गरी सो करको संकलन तथा बाँडफाँड गर्नुपर्दछ। | |
| ११.२ | | | **व्यवसाय करः** विनयी त्रिवेण गाउँपालिकाको आर्थिक ऐन, २०७७ को दफा ५ अनुसार गाउँपालिका क्षेत्रिभित्र व्यापार व्यावसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोबारका आधारमा आर्थिक वर्ष २०७७।०७८ मा व्यवसाय कर लगाइ असूल उपर गरिने भनेकोमा गाउँपालिका क्षेत्रभित्र सञ्चालित व्यापार व्यवासय गर्नेबाट लगत लिई व्यवसायकर असूल गर्नुपर्दछ । गाउँपालिकाको क्षत्रभित्र सञ्चालित क वर्गको उद्योग (दैनिक ४००१ मेट्रिक टन) भन्दा माथि उत्पादन क्षमता भएका) को लागि वार्षिक रु. ५५०००००।- र ख वर्गको सिमेन्ट उद्योग (दैनिक १५०१ देखि ४००० मेट्रिक टन सम्म) उत्पादन क्षमता भएका उद्योगका लागि वार्षिक रु. २००००००।- र ग वर्गका सिमेन्ट उद्योग (दैनिक १५०० मेट्रिक टन सम्म उत्पादन क्षमता भएका) को लागि बार्षिक रु. १००००००।- का दरले व्यवसाय कर असूल उपर गर्न सकिने कानूनी आधार भएकोमा गाउँपालिका क्षेत्रभित्र सञ्चालित होङ्सी सिमेन्ट उद्योग र सि.जि. सिमेन्ट उद्योगबाट व्यवासय कर लगाइ असूल उपर गरेको पाइएन । कानूनमा भएको व्यवस्था अनुसार व्यवसाय कर लगाइ असूल उपर गरिनुपर्दछ । | |
| ११.३ | | | • घर जग्रागा कर व्यवसाय नविकरण दस्तुर जस्ता राजशस्व लगत अद्यावधिक गर्ने गरेको नपाइएको । | |
| १२ | | | **पदाधिकारी सुविधाः-** | २८,९०० |

<table>
<tr><td></td><td></td><td></td><td>दोहोरो अनुगमन भत्ताः गण्डकी प्रदेश सरकारले जारी गरेको गाँउसभा, जिल्लासभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को अनुसूचीको (ख) मा गाउँपालिकाका पदाधिकारीहरुले पाउने मासिक अनुगमन सुविधा भुक्तानी लिएको अवस्थामा पनि पुन विभिन्न मितिमा खोलाको नापजाँच, सिमांकन तथा अनुगमन गर्दा निम्न पदाधिकारीहरुलाई अनुगमन भत्ता दिएको पाइएकोले ऐनको व्यवस्था विपरीत दिएको अनुगमन भत्ता असुल गरी गाउँपालिका खातामा दाखिला गर्नु पर्ने रु.
<table>
<tr><th>क्र.सं</th><th>पदाधिकारीको नाम</th><th>अनुगमन दिन</th><th>दर</th><th>भुक्तानीरकम कर पछि</th></tr>
<tr><td>1</td><td>मिना कुमारी राना, उपाध्यक्ष</td><td>14</td><td>1000</td><td>11900</td></tr>
<tr><td>2</td><td>अजित कुमार थापा वडा अध्यक्ष</td><td>6</td><td>1000</td><td>5100</td></tr>
<tr><td>3</td><td>विष्णु प्रसाद ढकाल वडा अध्यक्ष</td><td>10</td><td>1000</td><td>8500</td></tr>
<tr><td>4</td><td>टुक बहादुर बैदवार क्षेत्री</td><td>4</td><td>1000</td><td>3400</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>28900</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>शिक्षा (स्थानीय तह)</td><td></td></tr>
<tr><td>१३.१</td><td>१४३</td><td>२०७८-२-१९</td><td>छात्रवृत्तिः कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७७/७८ को २.४.६.१ अनुसार घरबाट आउदाजादा यातायातका साधन वा अन्य उपकरण प्रयोग गर्नुपर्ने अपाङ्गता भएका वालवालिकालाई प्रति विद्यार्थी प्रति महिना रु.३००.०० का दरले १० महिनाको ३०००.०० दिन सकिने व्यवस्था छ ।अपाङ्गता भएका विद्यार्थीहरुलाई छात्रवृत्ति रकम सम्वन्धित अभिभावकको रोहवरमा विद्यालयले वितरण गर्नुपर्ने उल्लेख छ । तपसिलका विद्यालयमा रहेका अपाङ्गता भएका विधार्थीहरुलाई छात्रवृत्ति रकम वुझाएको भरपाई पेश भएको छैन । अपाङ्गता भएका विधार्थीहरुलाई छात्रवृत्ति रकम नगदै वुझाएको भरपाई पेश गर्नुपर्ने रु.</td><td>६०,०००</td></tr>
<tr><td>१३.२</td><td>४६</td><td>२०७७-९-२४</td><td>ईन्टरनेट जडान ःः कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७७ को ५.१ अनुसार माध्यमिक विद्यालयमा इन्टरनेट जडान तथा सञ्चालन खर्च वापत प्रति विद्यालय वार्षिक रु १२,०००.०० का दरले उपलव्ध गराउने व्यवस्था छ । नारायणी गण्डकी सा.तथा सं.मा.वि.-त्रिवेणीधाम, दिपेन्द्र मा.वि-सर्दि, भानुदय मा.वि.-चुकाहा, मनकामना मा.वि.-सुनटाँडी, मुक्तिनाथ वेद विद्यापिठ, भानुदय मा.वि.-दुम्किवास, मणिसंगम मा.वि.-डाँडाजोर, भवानी मा.वि.-कुडापानी गरि ९ विद्यालयलाई इन्टरनेट जडान तथा सञ्चालन खर्च वापत रु.१२,०००.०० का दरले जम्मा रु.१,०८,०००.०० निकासा गरिएको छ । विद्यालयले ईन्टरनेट जडान गरेको प्रमाण तथा बिल भरपाई पेस गरेको छैन । इन्टरनेट जडान तथा सञ्चालनमा भएको खर्चको प्रमाण पेस गर्नुपर्ने रु.</td><td>१०८,०००</td></tr>
<tr><td>१३.३</td><td>१६८</td><td>२०७८-३-४</td><td>शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वयन अनुदानःकार्याक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ को सि.नं.९.१३ मा गुरुयोजना र नमुना विद्यालय व्यवस्थापन निर्देशिका उल्लेखित शैक्षिक सुधारका क्रियाकलापका आधारमा तत्कालिन रुपमा शैक्षिक सुधार हुने क्रियाकलाप तोकि स्थानीय तह र विद्यालयबिच सम्झौता गरी विद्यालयलाई रु.५० लाख उपलव्ध गराउने । विद्यालयले सम्झौता अनुरुप काम गरे नगरेको नियमित अनुगमन गरी प्रगति केन्द्रमा पठाउनुपर्ने । स्थानीय तह र विद्यालयबिच भएको सम्झौतामा व्यवस्थापन समितबाट पारित सामाजिक लेखापरीक्षणको निर्णयको प्रतिलिपि र आयोजना सम्पन्न भएपछि कार्यालयबाट जाँचपास गरी फरफारकको प्रमाणपत्र लिनुपर्ने व्यवस्था छ । भानुदय मा.वि.दुम्कीवासलाई रु.५० लाख निकासा भएकोमा उक्त रकमबाट शिक्षक तलवभत्ता, उत्तरपुस्तिका परीक्षण, परीक्षा सञ्चालन खर्च, तन्ना जग गिलास जस्ता विविध खरिद,ईन्टरनेट जडान, यातायात खर्च, छपाई प्रिन्ट जस्ता कार्यमा खर्च भएको देखिन्छ ।निर्माण समिति तथा निर्माण अनुगमन समिति पनि गठन गरिएको छ । नमुना विद्यालय विकास, विद्यालय सुधार वहुवर्षिय गुरुयोजना, २०७७/७८ को वार्षिक विकास कार्यक्रम अनुसार स्पस्ट कार्ययोजना तयार गरेको छैन । स्थानिय तहले</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | नियमित अनुगमन गरी प्रगति केन्द्रमा पठाएको देखिदैन । स्थानीय तह र विद्यालयबिच भएको सम्झौतामा उल्लेख भए अनुसार कार्य भए नभएको सम्वन्धमा नियमित अनुगमन गरी प्रगति प्रतिवेदन केन्द्रमा पठाउनुपर्दछ । | |
| १३.४ | | | पाठ्यपुस्तक खरिदः कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७७/७८ को २.४.६.१ अनुसार प्रविष्ट तथ्याङ्कसँग सत्यापन गराई यकिन संख्याका आधारमा दोस्रो चौमासिकभित्र विद्यालयहरूलाई निकासा दिने र यसरी निकासा दिँदा पहिलोपटकमा. वि.द्यार्थी संख्याको ७५ प्रतिशत संख्याको मात्र निकासा दिने बाँकी २५ प्रतिशत रकम २०७८ बैशाखबाट शुरु हुने शैक्षिक सत्रको विधार्थी भर्ना भएको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको आधारमा नपुग हुने रकममा थप निकासा दिन सकिने व्यवस्था छ । भौ.नं. १४५-०७८/२/१९ र २१२-०७८/३/२२ बाट निम्न विद्यालयहरूलाई भर्ना भएका विद्यार्थीहरूको संख्या यकिन नगरी पुरै रकम रु.८,५८,४८१.०० भुक्तानी गरिएको छ । २०७८ बैशाखबाट शुरु हुने शैक्षिक सत्रको विधार्थी भर्ना भएको विवरण, पाठयपुस्तक खरिद र वितरण गरेको प्रमाण पेस भएको छैन । विधार्थी भर्ना भएको विवरण, पाठयपुस्तक खरिद र वितरण गरेको प्रमाण पेस गर्नुपर्ने रु. | ८५८,४८१ |

| सि.नं. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | भवानी मा.वि., कुसुण्डे | 72478 |
| २ | भानुदय मा.वि., दुम्किवास | 406007 |
| ३ | अहिंसावादी आवि, दाउन्ने | 57378 |
| ४ | भवानी मा.वि.कुडापानी | 102357 |
| ५ | जनप्रिय आ वि, कोटेघाट | 12092 |
| ६ | राष्ट्रिय आ.वि. अनिक्रम | 9154 |
| ७ | जनता आ.वि., धोवादी | 6017 |
| ८ | नवोदय आ.वि., सुनडाँडा | 3152 |
| ९ | नेपाल आ.वि.प्रसैया | 110677 |
| १० | नवदुर्गा आ.वि., केउलानी | 17482 |
| ११ | मदर्सा ईस्तामिया ईम्दादुल ओलुम | 20127 |
| १२ | मुक्तिनाथ पिठ वेद विद्याश्रम | 41560 |
| | जम्मा | 858481 |

| | | | | |
|---|---|---|---|---|
| १३.५ | ११८ | २०७८-१-३ | जिन्सी दाखिलाः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) अनुसार जिम्मेवार व्यक्ति आफ्नो जिम्मामा आएको सरकारी जिन्सी मालसामान | ५९८,५०० |

| | | | | |
|---|---|---|---|---|
| | | | भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । श्री मणिसंगम मा.वि. ले खरिद गरिएका डेस्कटप कम्प्यूटर-१६, कलर प्रिन्टर-१ मालसामानहरु सम्वन्धित विद्यालयको जिन्सी कितावमा दाखिला गरिएको छैन । विद्यालयमा प्राप्त भएका मालसामानहरुको जिन्सी कितावमा दाखिला गरी अद्यावधिक गरेको प्रमाण पेश गर्नुपर्ने रु. | |
| १३.६ | ४६ | २०७७-९-२४ | **विद्यालय सुधार योजना र लेखापरीक्षणः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को सि.नं. ५.१ क्रियाकलाप नं.२.७.१३.१० अनुसार विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षणका लागि आधारभुत तह प्रति विद्यालय वार्षिक रु.१००००.०० र माध्यमिक तह प्रति विद्यालय वार्षिक रु.१५,०००.०० र विधालय सुधार योजनाको लागी आधारभुत तह प्रति विद्यालय वार्षिक रु.१५०००.०० र माध्यमिक तह प्रति विद्यालय वार्षिक रु.२०,०००.०० एकमुष्ट अनुदान उपलव्ध हुने व्यवस्था छ । विद्यालयलाई सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण र विधालय सुधार योजनाको लागी निकासा भएकोमा आ.व. २०७६/७७ को लेखापरीक्षण प्रतिवेदन तथा विद्यालय सुधार योजना पेश भएको छैन । तपसिलको विद्यालयले विद्यालय सुधार योजना तथा लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्ने रु. | ३०५,००० |

| सि.नं. | विद्यालयको नाम | विद्यालय सुधार योजना प्रतिवेदन खर्च रु. | लेखापरीक्षण खर्च रु. | जम्मा |
|---|---|---|---|---|
| १ | भानुदय मा.वि., चुकाहा | 20000 | 15000 | 35000 |
| २ | मनकामना मा.वि., सुनटाडी | 20000 | - | 20000 |
| ३ | भवानी आ.वि., कुसुण्डे | 15000 | - | 15000 |
| ४ | सरस्वती आ.वि. तल्लो ज्यामिरे | - | 10000 | 10000 |
| ५ | जनकल्याण आ वि, सुनही | 15000 | - | 15000 |
| ६ | बेनीकल्याण आवि, कटिशघारी | 15000 | 10000 | 25000 |
| ७ | बालकल्याण प्रा.वि.हर्वले | 15000 | 10000 | 25000 |
| ८ | मुक्तिनाथ वेदविद्यापिठ | 20000 | - | 20000 |
| ९ | भृकुटी आवि,ठुल्टाँडी | 15000 | 10000 | 25000 |
| १० | भानुदय मा.वि., दुम्किवास | 20000 | - | 20000 |
| ११ | मणिसंगम मा.वि., डाँडाजोर | 20000 | - | 20000 |
| १२ | शिशुकल्याण आ.वि., कुडिया | 15000 | - | 15000 |
| १३ | नवोदय आ.वि., सुनडाडा | 15000 | - | 15000 |
| १४ | लक्ष्मी आ.वि., वगुवन | - | 10000 | 10000 |
| १५ | शंख आ.वि., चन्नटार | - | 10000 | 10000 |
| १६ | भुल्केपानी आ.वि., सिसेती | 15000 | 10000 | 25000 |
|  | जम्मा | 220000 | 85000 | 305000 |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | | | **प्रकोप व्यवस्थापन कोष तर्फः** | | |
| १४.१ | | | **जोखिम भत्ताः** कोरोना भाइरस (कोभीड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ अनुसार संक्रमणको शंका लागि आइसोलेसनमा राखिएका वा संक्रमण पुष्टि भई उपचारमा रहेका बिरामीहरुको उपचारमा प्रत्यक्ष संलग्न जनशक्ति तथा अप्रत्यक्ष संलग्न र ईमेजिङ्ग सेवा प्रदायक जनशक्ति र | | |

| | | | | |
|---|---|---|---|---|
| | | | उपचाररत बिरामीहरुको ओसारपसारमा संलग्न सवारी साधनमा कार्यरत जनशक्तिलाई जोखिम भत्ता उपलव्ध गराउन सकिने व्यवस्था छ ।वैशाख, जेष्ठ, आषाढमा कोरोना भाइरस (कोभीड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्ति स्वास्थ्यकर्मी ६२ जनालाई रु.२६,२१,३५०.०० , प्राविधिक कर्मचारी १ जनालाई रु.१७७०००.०० र प्रशासनिक कर्मचारी ११ जनालाई रु.९४०६५०.०० गरी जम्मा रु.३२६६५९३.०० जोखिम भत्ता उपलव्ध गराईएको छ ।गाउकार्यपालिकाको २०७८ जेठ ७ गतेको निर्णय अनुसार अस्पताल, स्वास्थ्य चौकी, आधारभुत स्वा.केन्द्र, आधारभुत स्वास्थ्य ईकाईबाट प्रमाणित भएको कागजातको आधारमा स्वास्थ्य शाखाको सिफरिसमा उपलव्ध गराउन सकिने उल्लेख छ । स्वास्थ्य ईकाईबाट प्रमाणित भएको कागजात वेगर जोखिम भत्ता उपलव्ध गराईएको छ ।प्रशासनिक कर्मचारीहरुलाई समेत जोखिम भत्ता उपलव्ध गराईएको छ । जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ ले तोकेको मापदण्डको आधारमा उपचारमा संलग्न जनशक्तिलाई मात्र भत्ता उपलव्ध गराउनुपर्दछ । | |
| १४.२ | ३७ | २०७७-१०-१४ | **राहत वितरणः** असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक तथा असहायहरुलाई उपलव्ध गराईने राहत सम्वन्धि मापदण्ड, २०७६ को दफा ७ अनुसार सम्वन्धित वडाले वितरणको अनुसूची-२ वमोजिमको राहत विवरणको अभिलेख सम्वन्धित स्थानिय तहका कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । राहत वितरणको लागी चामल ६ बोरा, तेल १७५ लिटर, आटा २२५ केजि, नुन १०० केजि, सावुन १५० गोटा, मुसुरो १०० केजि, चिउरा १०० केजि जम्मा रु.९५,५००.०० मा खरिद गरेको देखिन्छ । उक्त सामाग्रि राहत वितरण गरेको उल्लेख गरेकोमा उक्त सामाग्री बुझेको भरपाई पेस भएको छैन । राहत सम्वन्धि मापदण्ड अनुसार राहत सामाग्रि वितरण गरेको प्रमाण पेस गर्नुपर्ने रु. | ९५,५०० |
| १४.३ | | | **प्रकोप व्यवस्थापन कोषः** नगरपालिकाबाट उपलब्ध गराइएको विवरण अनुसार आ.व. २०७७।७८ को आषाढ मसान्त सम्म गत वर्षको जिम्मेवारी रु.२१,७६,३६६.५५ र प्रदेश सञ्चित कोषबाट, स्थानीय तहको आफ्नै कोषबाट, संघीय कोभिड कोषबाट र अन्य श्रोतबाट रु.१,३८,०४,०००.०० समेत १,५९,८०,३६६.५५ आम्दानी भएकोमा कोरोना संक्रमण रोकथाम नियन्त्रण र व्यवस्थापन कार्यमा रु.१,४३,२१,५७२.०० खर्च भई रु.१६,५८,७९४.५५बाँकी रहेको छ । | |
| १५ | | | **पेश्की व्यवस्थापनः** | २,५३८,३६३ |

| सि.नं. | खर्च विवरण | खर्च रकम |
|---|---|---|
| 1. | राहत वितरण | 99000 |
| 2. | क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन | 0 |
| 3. | आइशोलेसन केन्द्र निर्माण केन्द्र निर्माण व्यवस्थापन | 67595 |
| 4. | जनशक्ति परिचालन | 5792363 |
| 5. | औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद | 2623135 |
| 6. | स्वास्थ्य पूर्वाधार निर्माण | 1547697 |
| 7. | अन्य शीर्षकमा भएको खर्च | 4191782 |
| | जम्मा | 14321572 |

| | | | | |
|---|---|---|---|---|
| | | | **पेश्की फर्छौटः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (४) अनुसार पेश्की लिने व्यक्ति वा सस्थाले काम सम्पन्न भएको मितिले १५ दिन भित्र पेश्की फर्छौट गर्नुपर्ने व्यवस्था छ। यस गाउँपालिकाले उपलब्ध गराएको फर्छौट गर्न बाँकी पेश्कीको मास्केवारी तथा म.ले.प.फा.नं. २७२ को वित्तिय प्रतिवेदनको अनुसूची २३ अनुसार गाउँपालिकाबाट प्राप्त पेश्कीको मास्केवारी तथा चालु वर्षको म्याद ननाघेको रु.५५८०८४०।-, म्याद नाघेको रु. २५३८३६३।– र गत आ.व. सम्मको म्याद ननाघेको रु.१७५७९२५।– समेत रु. ९८७७१२८।– पेश्की फर्छौट गर्न बाँकी देखिन्छ । उक्त पेश्की रकम वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७ को उपनियम ४ अनुसार फर्छौट गर्नुपर्दछ । उक्त पेश्की मध्ये चालु आ.व. को म्याद नाघेको निम्नानुसारको पेश्की रकम नियमावलीमा व्यवस्था भए वमोजिम फर्छौट गर्नुपर्ने रु. | |
| १६ | | | **प्रशासनिक खर्चः** | |
| १६.१ | | | भौ.३४-०७७/६/२५ बाट विभिन्न कर्मचारीर योजनाका प्रमुखहरु योजना अनुगमन गर्नको लागि गाडी भाडमा लिई रु.१५५०००। खर्च लेखेको छ ।भुक्तानी सिट तयार गर्ने क्रमा २ वटा मिति २०७७।३।१७ र २०७७।५।२५ गरी २ दिन एकै व्यक्ती एकै स्थानबाट सोही स्थानमा गएको जानकारी संलग्न भएको अवस्थामा रु.६०००। का दरले दोहोरो हुन गएको रु.१२०००। मा बहाल कर कट्टी गरी बाँकी रकम रु.१०८००। असुल गरी गाउँपालीका खातामा दाखिला गर्नु पर्ने रु. | १०,८०० |
| १६.२ | | | **बढी भुक्तानीः** कार्यसंचालन निर्देशिका २०७७ को ७.१५.१.४(ख) मा सहायक स्तरको तालिम संचालन गर्न कार्य पत्र र प्रस्तुतिकरण भुक्तानी दिने व्यवस्था छ । निम्न भौचरहरुबाट कार्यसंचालन निर्देशिकामा भएको व्यवस्था विपरित बढी भुक्तानी रु.२४३९५। असुल गरी दाखिला गर्नुपर्ने रु. | ८,९२५ |

| क्रम | कर्मचारीको नाम | पेस्की रकम |
|---|---|---|
| १५.१ | रामदेव महासेठ (मिति २०७८।२।२५) | ५०,००० |
| १५.२ | विनयी त्रिवेणी अस्पताल नि.उ.स.(मिति २०७८।३।१३) | ४,००,००० |
| १५.३ | पूर्णकला सुनारी मगर (मिति २०७८।३।४) | १,००,००० |
| १५.४ | रामदेव महासेठ (मिति २०७८।३।२१) | १३,००,००० |
| १५.५ | नेपाल विद्युत प्राधिकरण (मिति २०७८।३।८) | ६,८८,३६३ |

| तालिमको नाम | प्रशिक्षकको नाम | भुक्तानी हुनु पर्ने दर | भुक्तानी भएको दर | कक्षा संचालन संख्या | फरक दर | बढि भुक्तानी कर पछी |
|---|---|---|---|---|---|---|
| गरिवि निवारणका लागि लघुउद्यम विकास तालिम संचालन मिती २०७८।३।१-५ | बाबुराम पौडेल | 1500 | 1600 | 20 | 100 | 1700 |
| तरकारी खेती पुनरताजगी तालिम संचालन मिती २०७८।३।२-६ | मनोज चापागाई | 1500 | 1600 | 20 | 100 | 1700 |
| भौ ११९-०७८।१।५ बाट जडिबुटि परिचयात्कम कार्यक्र मिति २०७७।१२।२२-२४ प्रतिवेदन लेखन | राजेन्द्र प्रसाद राय | 1000 | 2000 | 3 | 1000 | 2550 |
| भौ.६१६-०७८।१।१४ बाट IEMIS २ दिने तालिममा प्रतिवेदन तयारी | | 1500 | 5000 | 1 | 3500 | 2975 |
| जम्मा | | | | | | 8925 |

१६.३ **पारिश्रमिक करः** आयकरऐन, २०५८ को दफा ८ मा रोजगारबाट भएको आयको गणनामा प्राकृतिक व्यक्तिलाई एक आर्थिक वर्षमा पारिश्रमिक लगायत अन्य सुविधा भुक्तानी गर्दा आयको गणना गरी दफा ८७ अनुसार रोजगारदाताबाट करकट्टी गर्नुपर्ने व्यवस्था रहेको छ।समितिले निम्न कर्मचारीको वार्षिक पारिश्रमिक भुक्तानीमा कम करकट्टी गरेको देखिएकोले असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु. १,६७४

| क्र.स. | कर्मचारीको नाम | वार्षिक आय | कुल कट्टी | करयोग्य आय | सा.सु कर समेत तिर्नुपर्ने कर | तिरेको कर सा.सु कर समेत | नपुग कर |
|---|---|---|---|---|---|---|---|
| 1 | रामदेव महासेठ | 603939 | 135338 | 468601 | 6360 | 4686 | 1674 |
| | जम्मा | | | | | | 1674 |

१७ **शिक्षण निकासाः**

१७.१ १४६ २०७८-२-१९ **सामुदायीक परिचालकः** कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व.२०७७/७८ को ६.७ अनुसार नियमित रुपमा चलेका सामुदायीक सिकाई केन्द्रको व्यवस्थापन समितिले गरेको सिफारिसको निर्णय र स्थलगत निरीक्षण प्रतिवेदनका आधारमा हाजिरी प्रमाण प्राप्त भएपछि सामुदायीक परिचालकको रकम अनुदान दिन सकिने व्यवस्था छ ।सर्दि सामुदायिक सिकाई केन्द्रको सामुदायीक परिचालकलाई २०७७।७८ को पारिश्रमिक रु ६२०० का दरले १२ महिनाको रु ७४,४००.००, मसलन्द रु.२५,६००.०० र कार्यक्रम अनुदान रु.१,००,०००.०० गरी जम्मा रु.२,००,०००.०० निकासा गरिएको छ । व्यवस्थापन समितिले गरेको सिफारिसको निर्णय र स्थलगत निरीक्षण २००,०००

<table>
<tr><td></td><td></td><td></td><td>प्रतिवेदनका आधारमा हाजिरी प्रमाण वेगर भुक्तानी गरिएको छ । सामुदायीक परिचालक छनौट गरेको व्यवस्थापन समितिको निर्णय, स्थलगत निरीक्षण, हाजिरी प्रमाण र कार्यक्रम प्रगति विवरण पेश गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>१७.२</td><td>१६५</td><td>२०७८-३-४</td><td>थप निकासाः कार्यक्रम कार्यान्वियन पुस्तिका आ.व. २०७७/७८ को खण्ड २.क १ मा दरबन्दी मिलानबाट कायम भएको शिक्षक दरबन्दी, शिक्षक अनुदान कोटा (राहत), र प्राविधिक धारतर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरुको लागी विद्यालयबाट प्राप्त माग फाराम रुजू गरी अनुदान उपलव्ध गराउने व्यवस्था छ । नारायणी गण्डकी साधारण तथा सस्कृत मा.वि.को दरबन्दी शिक्षक वा राहत शिक्षक वा करार शिक्षक वा अस्थायी शिक्षक वा कर्मचारीको तेस्रो चौमासिक तलव निकासा गर्दा माग भन्दा बढी रु.६५,३७०.०० निकासा गरिएको छ । आवश्यक दरवन्दी अनुसार माग गरिएको तलव भन्दा बढी निकासा गरिएको रकम असुल गर्नुपर्ने रु.
<table>
<tr><td>तह</td><td>मागफारम अनुसार</td><td>निकासा भएको</td><td>घटी /बढी</td></tr>
<tr><td>आधारभुत तह</td><td>1254941</td><td>1358301</td><td>103360 (बढी)</td></tr>
<tr><td>माध्यमिक तह</td><td>1549770</td><td>1511780</td><td>37990(घटी)</td></tr>
<tr><td>जम्मा</td><td>2804711</td><td>2870081</td><td>65370 (बढी)</td></tr>
</table></td><td></td></tr>
<tr><td>१७.३</td><td>१५२</td><td>२०७८-२-२१</td><td>शिक्षण सहयोग अनुदानः अग्रेजी, विज्ञान, गणित विषयमा शिक्षण सहयोग अनुदान शिक्षक व्यवस्थापनका लागी जारी गरिएको शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि २०७७ को दफा ६ अनुसार शुन्य र एक दरवन्दी भएका सामुदायिक आधारभुत र माध्यमिक विद्यालयलाई शिक्षण सिकाई अनुदान शिक्षकको व्यवस्था गरेको छ । गाउँपालिकाको शिक्षा शाखामा अभिलेख कायम भएका शिक्षकहरुको सम्वन्धित विद्यालयले पेश गरेको तलवि माग फारामका आधारमा निकासा गर्नुपर्ने व्यवस्था छ । तपसिलका विद्यालयका शिक्षकहरुको लागी ६ महिनाको मासिक रु.२८,२००.०० का दरले प्रति विद्यालय जम्मा रु.१,६९,२००.०० एकमुष्ठ निकासा गरिएको छ । आर्थिक वर्षको अन्त्यमा बाँकी बजेट फ्रिज हुने सशर्त बजेटबाट विद्यालयमा फाल्गुनमा नियुक्त हुने शिक्षकको लागी फाल्गुन देखी आषाढसम्मको मात्र निकासा गर्नुपर्नेमा बढी निकासा गरिएको छ । आगामी आर्थिक वर्षको पारिश्रमिक रु.५,९८,२१३.०० चालु आर्थिक वर्षमा निकासा गरिनु नियमसम्मत नभएको रु.</td><td>५९८,२१३</td></tr>
</table>

| सि.नं. | विद्यालयको नाम | शिक्षकको नाम | नियुक्तीको निर्णय मिति | तलव स्केल मासिक | निकासा हुनुपर्ने | निकासा | बढी निकासा |
|---|---|---|---|---|---|---|---|
| १ | जनजागृती आ.वि. | नारायण भुषाल | 11/17/2077 | 28200 | 125020 | 169200 | 44180 |
| २ | जनता आ.वि. | समर ब.कुमाल | 11/16/2077 | 28200 | 125960 | 169200 | 43240 |
| ३ | भवानी आ.वि. | दिल बहादुर लुचे | 11/16/2077 | 28200 | 125960 | 169200 | 43240 |
| ४ | मणिसिद्ध आ.वि. | माधव प्रसाद पंगेनी | 11/16/2077 | 28200 | 125960 | 169200 | 43240 |
| ५ | जनउज्वल आ.वि. | तुलसिराम बढई | 11/16/2077 | 28200 | 125960 | 169200 | 43240 |
| ६ | लक्ष्मी आ.वि. | विक्रम प्र.पंगेनी | 11/17/2077 | 28200 | 125020 | 169200 | 44180 |
| ७ | जनकल्याण आ.वि. | वेद प्र. दर्लामी | 11/17/2077 | 28200 | 125020 | 169200 | 44180 |
| ८ | शिवपूरगढी आ.वि. | जगन्नाथ पौडेल | 11/29/2077 | 35990 | 145160 | 215940 | 70780 |
| ९ | शिशुकल्याण आ.वि. | वुद्धि दिशा | 10/29/2077 | 28200 | 141940 | 169200 | 27260 |
| १० | भुल्केपानी आ.वि. | वुद्धिराम हरिजन | 11/7/2077 | 28200 | 134420 | 169200 | 34780 |
| ११ | गौतम आ.वि. | दिलमाया सारु | 12/9/2077 | 28200 | 105280 | 169200 | 63920 |
| १२ | भवानी आ.वि. | भानुभक्त पोखरेल | 12/20/2077 | 35990 | 119967 | 215940 | 95973 |
| | | जम्मा | | | | | 598213 |

१८ **स्वास्थ्य तर्फः-**

१८.१ **औषधी खरिदः** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २० लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने तथा नियम ८४ मा ५ लाख भन्दा वढीको खरिद गर्दा शिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नुपर्ने उल्लेख छ ।पालिकाले यस आर्थिक वर्षमा शर्शत अनुदानवाट रु.२७८२२०७। को औषधी सोझै खरीद गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।

- पालिका द्धारा निशुल्क स्वास्थ्य कार्यक्रम भनि लोगो राखेको हुनुपर्ने उल्लेख गरेकोमा औषधिको जिन्सी निरीक्षण गर्दा निम्न औषाधिहरुमा निशुल्क स्वास्थ्य कार्यक्रम भनि लोगो राख्नु पर्ने ठाउँमा मुल्यनै उल्लेख गरेको पाइयो । केही उदाहरणहरु Paracetamol oral suspection- Rs.30, furosemide Injection Rs.6.87, Clotrimazole cream B.P Rs.50/1, सेनिटइजर Rs.270/

| | | | | |
|---|---|---|---|---|
| | | | • आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सर्टिफइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको कारण संझौतामा औषधीको अवधि कम्तीमा १८ महिनाको हुनुपर्ने भनि उल्लेख भएअनुसार औषधी प्राप्त भए नभएको एकिन नभएको,<br>• पालिका मातहत हस्तान्तरण गरी पठाएका औषधीहरुको सदुपयोग सम्वन्धमा अनुगमन नभएको,<br>• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र अन्यत्रवाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br><br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| १८.२ | | | | |
| १९ | | | **ठेक्का व्यवस्थापनः** | |
| १९.१ | | | **सोझै खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई निम्नानुसार सोझै खरिद गरी भुक्तानी गरेको रकम नियम सम्मत नभएको रु. | ३,९५२,२२६ |

| भौ. नं./मिति | भुक्तानी पाउने | काम तथा खरिद विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| 53-077/10/5 | भिन्तुना फर्निचर उद्योग | अफिस टेवल, दराज कुर्सी टेवल | 93994 |
| 468-078/3/22 | मनकामना ईन्टरप्राइजेज | फर्निचर खरीद | 79787 |
| | मनकामना मेटल वकर्स | फर्निचर खरीद | 177109 |
| | शिवम् एण्ड शुभम् सप्लायर्स | फर्निचर खरीद | 258001 |
| 560-078/3/30 | चितवन आइ .टी सोलुसन्स प्रा.लि. | फर्निचर तथा फिक्चर्स | 115000 |
| 839-078/3/22 | चिडिया स्वास्थ्य इकाइ | फर्निचर खरीद | 98889 |
| 176-077/8/18 | गुगल ट्रेड लिङ्क | कम्प्युटर खरीद | 469200 |
| 222-078/3/24 | चितवन सोलुसन | डेक्सटप कम्प्य्टर | 144000 |
| 222-078/1/15 | मंगलम कम्प्यूटर सप्लायर्स | कम्प्युटर खरीद | 491500 |
| 235-078/3/13 | डि.आर.इन्फोसिस | कम्प्युटर, प्रिन्टर | 79350 |
| 343-078/3/7 | पशुपति इन्फोसिस प्रा. लि. | कम्प्युटर, प्रिन्टर | 99500 |
| 413-078/3/17 | नासा कम्प्यूटर | ल्याप्टप खरीदीर | 245000 |
| 535-077/12/17 | चितवन आइ ट सोलुसन बाट | प्रोजेक्टर खरीद | 117000 |
| 536-077/12/17 | चितवन आइ ट सोलुसन बाट | ल्यापटप खरीद | 169000 |
| 628-077/1/5 | लुम्वीनि बइटी ट्रेड सोलुसन | इन्भटर खरिद | 229900 |
| 749-078/3/1 | कस्मिक आइ टि सोलुसन | ल्यापटप डेल | 85000 |
| 47-077/9/23 | काशी इलेक्ट्रीक स्टोर्स | सोलार बत्ती खरीद | 499998 |
| 78-077/9/23 | काशी इलेक्ट्रीक स्टोर्स | सोलार बत्ती खरीद | 499998 |
| | जम्मा | | 3952226 |

| | | | | |
|---|---|---|---|---|
| १९.२ | | | **नन्फाइलरलाइ भुक्तानीः** मुल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा १४(१) मा दर्ता भएको व्यक्तिले वस्तु वा सेवा बिक्री गर्दा प्रापकलाइ कर बिजक दिनुपर्ने व्यवस्था छ ।उक्त कर विजकबाट Taxable VAT Sales को अशं खरिदमा तिरेको मु.अ.कर घटाइ अर्को महिनाको २५ गतेभित्र सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । तोकिएको समयमा आपुर्तिकर्ताले मुल्य अभिवृद्धि कर दाखिला गर्नुपर्नेमा व्यवसायीको IRD Portal मा PAN Search गर्दा सेवाप्रदायक देहायको व्यवसायी लामो समयदेखि नन्फाइलर देखिएको छन् ।नन्फाइलरलाइ मुल्य अभिवृद्धि कर भुक्तानी हुने समयमा दाखिला नहुने स्थितिले कर राजश्वमा असर पर्ने देखिंदा उक्त व्यवसायीले मु.अ.कर समायोजन पत्र पेश गर्नुपर्ने रु. | ३९,०९५ |

| भौ.न. मिती | फर्मको नाम | कुल भुक्तानी | मु.अ.कर रकम | मु.अ.कर नम्बर | विजक नम्बर र मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| 717-078/3/20 | जय माँ पाल्ही भगवती ट्रेडर्ई | 49155 | 5655 | 305461650 | 508 | 2077/m/12 देखि ननफाइलर |
| 672-078/2/18 | देवचुली टेक्निकल इन्चयुट प्रा.लि | 149625 | 16225 | 605935345 | 3 | 2076/m/11 देखि ननफाइलर |
| 67३-078/2/18 | देवचुली टेक्निकल इन्चयुट प्रा.लि | 99750 | 11475 | 605935345 | | 2076/m/11 देखि ननफाइलर |
| 675-078/2/18 | देवचुली टेक्निकल इन्चयुट प्रा.लि | 49900 | 5740 | 605935345 | | 2076/m/11 देखि ननफाइलर |
| | जम्मा | | 39095 | | | |

| | | | | |
|---|---|---|---|---|
| १९.३ | | | **जिन्सी दाखिला नगरेकोः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २८ अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको जिन्सी मालसामान सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोमा भौ.१७४-२०७७।८।१८ बाट जिल्ला प्रहरी कार्यालय कावासोतिलाई २ वटा साइकल रु.२९३८०। मा खरीद गरी हस्तान्तरण गरेकोमा सो कार्यालयमा जिन्सी दाखिला गरेको प्रमाण पेश भएको पाइएन साथै यसरी अन्यत्र कार्यालयको खर्च गरीने परीपाटिलाइ नियन्त्रण गरिनु पर्दछ । निम्न भौचरबाट खर्च लेखिएका सामानहरु खर्च भएर नजाने जिन्सी खातामा दाखिला भएको प्रमाण संलग्न भएको नपाइएकोले जिन्सी दाखिला प्रमाण पेश गर्ने रु. | १००,२९४ |

| क्र सं | भौ र मिति | सामानको नाम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| 1 | 262-077/9/24 | सिलिङ फ्यान | 6300 | धुर्कोट स्वास्थ्य चौकी |
| 2 | 53-077/10/5 | फर्नीचर खरीद अफिस टेवल | 93994 | गाउँपालिकालागी |
| | जम्मा | | 100294 | |

| | | | | |
|---|---|---|---|---|
| १९.४ | 9 | २०७८-३-४ | **नमुना विद्यालयः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ को कृयाकलाप नं. ८ मा नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदान प्रति विद्यालय बार्षिक रु.१ करोड देखि रु.१ करोड ५० लाख सम्म अनुदान उपलब्ध गराउन सक्ने साथै सोहि कृयाकलापको (ज) को व्यवस्था बमोजिम स्थानिय तहबाट अनुसूची १० मा उल्लेखित निर्माण समय तालिका निर्माण गरि विद्यालयले आर्थिक वर्षाको जेष्ठ मसान्त सम्म निर्माण कार्य सम्न्न गरी असार १५ सम्ममा कार्य सम्पन्न प्रतिवेदन तयार गरि | ९,९५९,००० |

<table>
<tr><td></td><td></td><td></td><td>प्रमाणित गरी एक प्रति स्थानिय तहमा उपलब्ध गराउनु पर्ने व्यवस्था छ। पालिकाले भौ. ९-०७८/३/४ बाट नमुना भानुदय मा.वि. लाई रु.९९५९०००। निकासा दिएकोमा कार्य सम्पन्न प्रतिवेदन पेश नगरेकोले कार्यसम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने रु.</td><td></td></tr>
<tr><td>१९.५</td><td></td><td></td><td>कोटेशन वेगर खरीदः सार्वजनिक खरीद नियमावली, २०६४ को नियम 18 अनुसार मौजुदा सुचितयार गर्नु पर्ने र मौजुदा सुचिमा रहेका सप्लायर्स सँग ८५ (४) मा एक लाख भन्दा बढीको सामान सोझै खरीद गर्दा कम्तीमा ३ वटा सप्लायर्स सँग दरभाउपत्र माग गर्नु पर्ने व्यवस्था भएता पनि निम्न भौचर र कार्यक्रममा मौजुदा सुचिमा नरहेका सप्लायर्स सँग कोटेशन बेगर सोझै खरीद गरेको पाइयो । नियमावलीको व्यवस्था विपरित खरीद कार्य नियन्त्रण गरिनु पर्दछ ।
<table>
<tr><th>क्र.सं</th><th>भौ.मिती</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>1</td><td>287-077/9/28</td><td>जेष्ठ नागरीक कार्यक्रममा स्वयटर खरीद</td><td>150000</td></tr>
<tr><td>2</td><td>292-077/9/28</td><td>सोलारका सामान नेपाल इनर्जी प्रा.लि बाट खरीद</td><td>136717</td></tr>
<tr><td>3</td><td>337-077/10/16</td><td>जेष्ठ नागरीक कार्यक्रममा स्वयटर, कम्मल खरीद</td><td>150000</td></tr>
<tr><td>4</td><td>909-078/3/27</td><td>उन्नती आमा समुह टेन्ट कुर्ची खरीद</td><td>150000</td></tr>
<tr><td>5</td><td>233-078/3/27</td><td>तरकारी विउ खरीद मनकामना एग्रो सेन्टर बाट</td><td>95000</td></tr>
</table></td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>ठेक्का व्यवस्थापनः</td><td></td></tr>
<tr><td>२०.१</td><td></td><td></td><td>राजश्व आम्दानीः ठेक्का नं. २।०७६।०७७ विनयी खोला चोखाघाट देखि महाविर क्रसर पश्चिम सम्मको १३४०६४० घनफिट र ठेक्का नं. ३।०७६।०७७ विनही खोला महावीर क्रसर पश्चिम देखि विलेटीघाट पुलबाट ५०० मिटर तलसम्मको १३४०६४० घनफिट समेत २६८१२८० घनफिट नदिजन्य पदार्थ मिति २०७७। जेष्ठ मसान्त सम्मको समय तोकी उठाइ विक्रि वितरण गर्न दुवै ठेक्काको कबोल अंक मु.अ.कर समेत रु. २३२४३५००।- बुझाउने गरी व्रिटिश मेम्वर निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. टोखा न.पा. काठमाडौं १० सँग मिति २०७६।११।१६ मा सम्झौता भएकोमा सम्झौता हुँदाका वखत रु. २३२४३५००।- (५०%) रकम बुझाएको पाइयो । कोभिडको कारण जनाई कार्यपालिकाको निर्णयले उक्त ठेक्का स्थगन गरेको र उक्त अवधि सम्म कूल १८६२०० घनफिट परीमाण मात्र उठाएको प्रतिवेदन पेश भएको आधारमा गाउँपालिकाको २०७७।३।३० को निर्णयले ठहर गरेको र पुनः २०७७।९।२८ को निर्णयले त्यही फर्मलाई बाँकि परिमाण २३०८८८० घनफिट आ.व. २०७७।०७८ मा पनि उठाउन दिन निर्णय गरे अनुसार मिति २०७७।११। २ मा पुन सम्झौता भएको छ । शुरु सम्झौता पश्चात बुझाउन बाँकी रकम रु. २३२४३५००।- मध्ये मिति २०७८। ६।६ सम्म रु. १२६०००००।- बुझाइ र. १०६४३५००।- बुझाउन बाँकी रहेको देखिन्छ । बैंक ग्यारेन्टीको म्याद समेत ८ फेव्रुअरी २०२१ मा नै समाप्त भएकोले बुझाउन बाँकी रकम मध्ये अग्रीम कर वापत रु. ३०४५००।- मु.अ.कर वापत रु. २६३९०००।- पालिकाको सञ्चितकोषमा जम्मा हुने रु. ७७०००००।- समेत रु. १०६४३५००।- सम्बन्धित फर्मबाट असूल गर्नुपर्ने रु.</td><td>१०,६४३,५००</td></tr>
<tr><td>२०.२</td><td></td><td></td><td>नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टि र बालुवा) बाट राजश्व असूलीः यस गाउँपालिकाको आ.व.२०७७।०७८ मा नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टि र बालुवा) बाट राजश्व संकलन गर्न प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तथा राष्ट्रिय चुरे मधेश संरक्षण विकास समितिको सहमति बमोजिम ठेक्का नं. ०७।२०७७।२०७८ बाट हाइवे पुल माथिबाट सि.जि. सिमेन्ट उद्योग पूर्वसम्मको ६५६९५२ घन फिट नदिजन्य पदार्थबाट राजश्व संकलन गर्न आयकर र मु.अ.कर वाहेक न्युनतम रु. ४५९८६६४।- कायम गरी मिति २०७७।</td><td></td></tr>
</table>

११।१७ मा विद्युतिय वोलपत्रको माध्यामबाट सूचना प्रकाशन गरेकोमा २ वटा फर्महरु दर्ता हुन आएकोमा आयकर र मु.अ.कर वाहेक सवै भन्दा बढी रकम रु. १३८०००१५।- कबोल गर्ने दुम्कीवास स्क्रिनिङ्ग प्रा.लि.को बोलपत्र स्वीकृत गरी मिति २०७८।२।३० सम्ममा पठाउने गरी मिति २०७८।१।३ मा सम्झौता भएको पाइयो । सम्झौता हुँदा राजश्व वापत रु. १०८०००१५।- अग्रीम आयकर रु.२०७००१।- र मु.अ.कर रु. १७९४०००२।- बुझाइ कर तथा मु.अ.कर वाहेक रु. ३००००००।- को सिदार्थ वैंकको मिति २०७८ जेष्ठ मसान्त सम्मको जमानत लिएको छ । कोभिडका कारण जनाइ व्यवसायीबाट नदिजन्य पदार्थको ठेक्का स्थगत गरी पाउन मिति २०७८।१।२३ मा कार्यालयमा निवेदन दिएको र गाउपालिकाको मिति २०७८।२।७ गतेको प्रस्ताव नं. २ को निर्णयले २०७८।२।५ गते देखि लागुहुनेगरी नदिजन्य पदार्थको संकलन कार्य बन्द गरेको छ ।कोभिड १९ को संक्रमण घट्दै गएपछि बन्द कार्यलाई निरन्तरता दिइ सम्झौता अनुसारको रकम असूलगरी आन्तरिक आय बढाउन तर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ ।

२०.३ **कार्यसम्पन्न नभएको:** विनय त्रिवेणी गाउँपालिका वडा नं. २ मा ज्यामिरे खानेपानी योजनाको निर्माण कार्य गर्न रु. १५९६३९११।६६ को (मु.अ.कर बाहेक) ल.इ. तयार गरी बोलपत्रको माध्यामबाट सूचना प्रकाशन गरेकोमा ६ वटा बोलपत्र दर्ता भएकोमा सबै भन्दा घटी मु.अ.कर समेत रु. १२२४८३३५।४३ (३२.०३) घटी कबोल गर्ने उपमा निर्माण सेवा संग मिति २०७८ जेष्ठ मसान्त सम्ममा सम्पन्न गर्ने गरी मिति २०७७।८।११ मा सम्झौता भएको छ । उक्त निर्माण कार्य तोकिएको समयमा सम्पन्न भएको छैन । गो.भौ.नं. ५३१।०७८।३।२९ मा दोस्रो रनिङ्ग विलको रु. ३५७३२४४।- भूक्तानी हुँदा सम्म कूल रु. ८७०१९८३।- भूक्तानी भएको छ । २०७८ चैत्र सम्म म्याद थप गरिएको भनिएकोमा म्याद थपको प्रमाण पेश हुन आएन । सार्वजनिक खरिद नियमावली, २०६४ को प्रकृया पूरागरी उक्त योजनाको निर्माण कार्य सम्पन्न गर्ने गराउने तर्फ सम्बन्धित पक्षले ध्यान पुर्‍याउनुपर्दछ ।

२१ **विविध तर्फः-**

२१.१ **कृषि अनुदानः** पालिकाले संघिय सरकारवाट हस्तान्तरित चालु कार्यक्रमवाट देहायवमोजिम कृषि तथा पशु अनुदान उपलव्ध गराएको छ।यस सम्वन्धमा निम्नानुसार देखिएको छ।

| सि नं | भौचर नं | विवरण | रकम |
|---|---|---|---|
| 1 | 906-078/3/7 | वडा नं. ३ र ५ मा फलपूल पकेट प्रवर्द्धनको लागि फलफुल विरुवा वितरण | 400000 |
| 2 | 531-077/12/12 | च्याउ घर निर्माण | 262500 |
| 3 | 153-078/2/23 | गाई प्रवर्द्धन कार्यक्रम | 1706400 |
| 4 | 199-078/3/21 | बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन | 1300000 |
| 5 | 196-078/3/20 | कृषि पकेट विकास कार्यक्रम | 996075 |
| 6 | 499-077/11/24 | स्प्रे खरिद खर्च | 200000 |

अनुदानको सहि सदुपयोग भए नभएको संवन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदान वाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र



https://nams.oag.gov.np

यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।

कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गर्ने गराउने तर्फ पालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्दछ ।

२१.२ **भरपाई वेगरको खर्चः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ (५) मा खर्च गर्दा त्यस्तो खर्च पुस्टी गर्ने विल,भरपाइ,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ ।कोभिडको समयमा निम्न भौचरबाट निम्न व्यक्तीहरुलाइ क्वारेन्टाइनमा बसेका व्यक्तीहरुलाई खाजा खानको र अन्य व्यवस्थपन खर्च भनि रु.१३३०५८७। भुक्तानी दिएको छ । क्वारेन्टाइनमा कति जना विरामी थिए र उनिहरु कती कति दिन क्वारेन्टाइनमा बसेको सोको पुष्ट्याइ हुने प्रमाण कागजात पेश गर्नु पर्ने रु. २,०७५,५०७

| भौ.मिति | विवरण | भुक्तानी रकम |
|---|---|---|
| 6-077/6/20 | वडा नं.६ र ७ को खर्च सुनिता कुमारी भूषाललाई भुक्तानी | 313365 |
| 15-077/7/4 | वडा नं.१ का वडा सचिव रन्जु ज्ञावाली न्यौपानेलाई क्वारेन्टाइन व्यवस्थापन खर्च | 611065 |
| 27-077/8/14 | वडा नं.६ र ७ को खर्च सुनिता कुमारी भूषाललाई भुक्तानी | 406157 |
| 8-077/6/20 | वडा नं. ७ को सुनिता कुमारी भुसाललाई भुक्तानी | 392308 |
| 10/14/2077 | वडा नं.४ को गोपाल प्रसाद अधिकारी | 352612 |
| | जम्मा | 2075507 |

२१.३ **अनुत्पादक खर्चः** सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा निम्नानुसार रु.१७८००००। खर्च लेखी भुक्तानी गरेको छ। यस्तो खर्चमा मितव्ययिता कायम गरिनुपर्छ।

| भौ.मिति | खर्चको विवरण | भुक्तानी रकम रु |
|---|---|---|
| 172-077/8/16 | पूर्णीमा मेला व्यवस्थापन | 50000 |
| 879-078/3/20 | मगर दिवस कार्यक्रम | 50000 |
| 812-078/3/20 | आदिवासी जनजाती कार्यक्रम साउण्ड सिष्टम खर्च | 40000 |
| 820-078/3/20 | लक्ष्मी आमा समुह टेन्ट भाडा कुर्सी खरीद | 150000 |
| 918-078/3/28 | आदिवासी जनजाती कार्यक्रम साउण्ड सिष्टम खर्च वडा नं ७ | 80000 |
| 533-077/12/13 | त्रिवेणी महिला वचत तथा ऋण सहकारी संस्था लि तिज कार्यक्रम संचालन खर्च | 60000 |
| 702-078/2/25 | नारायणी गण्डकी धान्याञ्चल सहयोग | 1200000 |
| 909-078/3/20 | आमा समुह टेन्ट कुर्सी भाडा खरीद | 150000 |
|  | जम्मा | 1780000 |

| | | | | | |
|---|---|---|---|---|---|
| २१.४ | | | **भरपाई वेगरको खर्चः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ (५) मा खर्च गर्दा त्यस्तो खर्च पुस्टी गर्ने विल,भरपाइ,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। देहायका कार्यको भुक्तानीमा विल भर्पाइ भन्दा बढी भुक्तानी भएकोले असुल गर्नुपर्ने रु. | ६०,७७१ | |

| भौ.न.मिति | व्यहोरा | रकम |
|---|---|---|
| 277-077/9/13 | ७५ प्रतिशत अनुदानमा संचालित आलु विउ वितरण कार्यकममा रु.१५००००। खर्च भएको छ । लाभग्राही समुह/कृषकको सहभागीता समेत रु.२०००००। को विल भर्पाइ हुन् पर्नेमा र.१९७३००। को मात्र भएकोले नपुग रु.२७००। असुल गरी बेरुजु खाता दाखिला गर्नु पर्ने रु. | 2700 |
| 74-11/14 | तरल नाइट्रोजन खरीद गरी रु.१७४५०। भुक्तानी भएकोमा रु.१२५००। को विल पेश भएकोले विल भन्दा बढी भुक्तानी रु.४९५०। असुल गरी बेरुजु खातामा दाखिला गर्नु पर्ने | 4950 |
| 196-078/3/20 | पकेट कार्यक्रम अन्तर्गत कमलादेवि कृषक समुहलाई विभिन्न कृयाकलाप संचालन गर्नको लागी रु.१५०९१५०। को लागत अनुमान तयार गरेकोमा कृषकले रु.५२१३०७.५ र कार्यालयले रु.९८७८४२.५ व्यहोर्ने गरी मिति २०७८।१।५ मा संझौता भएको थियो । उपभोक्ताले गरेको काममा उपभोक्ताको सहभागीता कट्टा गरी रु.९७८२९०। भुक्तानी हुनु पर्नेमा रु.९९६०७५ भुक्तानी भइ बढी भुक्तानी हुन गएको रु.१७७८५। र कन्टीन्जेन्सी रु.२९६३६। भुक्तानी हुन गइ बढी भुक्तानी हुन गएको रु.४७४२१। संबन्धित कृषक संग असुल गर्नु पर्ने रु. | 47421 |
| 659-078/2/17 | वडा नं.७ मा संचालन भएको नारी दिवस कार्यक्रमा मितव्ययीता मापदण्ड बेगर प्रतिवेदन तयार गरे वापत खर्च आरती भट्टराईलाइ रु.१०००, पत्र बाढेवापत इन्धन खर्च क्रमश राजन गुरुङ्गलाई रु.२०००, श्याम थापा लाई रु.५००, रेगु प्रसाद उपाध्यायलाई रु.५०० गरी जम्मा रु.४०००। असुल गर्नु पर्ने रु. | 4000 |
| 934-078/3/29 | वडा नं ७ को वडा सदस्य कमला गुरुङ्गको १६ वटा बैठकमा उपस्थित भएकोमा १८ बैठको भुक्तानी हुन गएकोल २ बैठकको बढी भुक्तानी भएको कर बाहेक रु.१७०० सम्बन्धित सँग असुल गर्नु पर्ने रु | 1700 |
|  | जम्मा | 60771 |

| | | | | | |
|---|---|---|---|---|---|
| २१.५ | | | **छनौटको आधार नभएको:** पालिकाबाट कृषि तथा पशु सम्बन्धी कार्यक्रम संचालन गर्दा पालिकाको नियम कार्य विधि बनाएको भए सोही बमोजिम र सो नबनाएको भएमा केद्र बाट तयार गरेको कार्यविधिको आधारमा कार्यक्रम संचालन गर्नु पर्ने हुन्छ । भौ.३५०-२०७७।१०।२० बाट निशुल्क बोयर बोका वितरण कार्यकममा ३ जना कृषकलाई रु.२७१५००। को बोयर वितरण गरेको छ ।सो बोयर बोका खरीद गरी वितरण गर्दा कस्ता कस्ता कृषकलाई वितरण गर्ने त्यसको आधार के बनाउने वा कुन आधारमा वितरण गर्ने आधार सो बेगर वितरण गरेको पाइयो । कृषकको छनौटको आधार बेगर वितरण गरीने परीपार्टीमा नियन्त्रण गर्नुपर्दछ। | | |
| २१.६ | | | **साझेदारी गाई प्रवर्दन कार्यक्रमः** भौ.१५३-०७८।२।२३ बाट लागत साझेदारीमा गाई प्रवर्द्धन कार्यक्रम बाट रु.१७०६४०० भुक्तानी भएको छ । गाउँपालिकाको वडा नं.३,४ र ५ मा सर्दी पशुपालन समितिले लागत साझेदारीमा गाई प्रवर्धन(डेरी) संघिय ससर्त अनुदान कार्यक्रम अन्तर्गत संचालीत कार्यक्रममा रु.१८०००००। र कृषकको तर्फबाट रु.१७०६४००। गरी जम्मा रु.३५०६४००। को साझेदारीमा ५० जना कृषकहरुलाई गाई हस्तान्तरण कार्यक्रममा लागत अनुमान तयार भएको थियो ।कृषकलाई छुट्याएको बजेटको ८० प्रतिशत रु.१७०६४००।गाई खरीद र २० प्रतिशत अन्य कृयाकलाप संचालनका लागि छुट्याएको थियो । ५० प्रतिशत लागत साझेदारीमा कृषकलाई छुट्याइएको बजेट रु.१७०६४००। ५० जना कृषकलाई दामा साहीले रु.३४१२८। प्राप्त गर्दछन् । सो अनुदान रकम प्राप्त गर्नको लागि कृषकले कम्तिमा रु.६८२५६। को गाइ खरीद गरेको हुनु पर्नेमा २ जना कृषक राम बहादुर लामिछाने र युवराज लामिछानेले रु.६००००। का दरले गाइ खरिद गरेको भर्पाई पेश गरेकोले सो रकमको ५० प्रतिशतलेहुन आउने रु.३००००। का दरले अनुदान रकम प्राप्त गर्नु पर्नेमा बढी रु.४१२८। का दरले रु.८२५६। निजहरुसँग असुल गरी बेरुजु खाता दाखिला गर्नु पर्ने रु. | ८,२५६ | |

<table>
<tr><td>२१.७</td><td></td><td></td><td>बढी साइजको भुक्तानीः भौ.२६८-०७७।९।२६ बाट आन्तरिक आय तर्फको ठेक्काको सुचना राजधानी दैनिकमा प्रकासन गरेवापत ग्राण्ड मिडिया हाउस प्रा.लि लाई पत्रिकामा विज्ञापन २५० सि सीको साइजमा छापेकोमा २५५ सि स को १४०० प्रति सि.सी का दरले १५ प्रतिशत छुट पछी ३४२८९८। भुक्तानी भएको छ । छपाइ साइज अनुसार रु.३३६१७५। मात्र भुक्तानी हुनु पर्नेमा बढी भुक्तानी भएको रकम गाउँपालिका खातामा दाखिलागर्नु पर्ने रु.</td><td>६,७२३</td></tr>
<tr><td>२१.८</td><td></td><td></td><td>बढी दरमा खरीदः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ (५) मा खर्च गर्दा त्यस्तो खर्च पुस्टी गर्ने विल,भरपाइ,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था निम्न भौचरबाट हिउँदे घाँसको विउ खरीद गर्दा जिल्ला दर रेट भन्दा बढी दरमा खरिद गरि भुक्तानी भएकोले पलिकालाइ बढी व्ययभार पर्न गएको रु.
<table>
<tr><td>भौ.मिति</td><td>भुक्तानी लिने व्यक्ती</td><td>घाँसको नामा</td><td>खरिद दर</td><td>जिल्ला दर</td><td>परिमाण</td><td>फरक दर</td><td>बढी भुक्तानी</td></tr>
<tr><td rowspan="2">67-077/7/4</td><td rowspan="2">रामदेव महासेठ</td><td>जै घाँस</td><td>65</td><td>63</td><td>180</td><td>2</td><td>360</td></tr>
